


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ २४ गते सोमबार ❑ 7 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## योगदान, क्षमता र दक्षताका आधारमा उम्मेदवार चयन गर्नुपर्छ : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ



नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले योगदान, क्षमता र दक्षताका आधारमा आसन्न निर्वाचनका लागि कांग्रेसले उम्मेदवार चयन गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यालयको आइतबार पोखरामा उद्घाटन गर्दै उहाँले पार्टीमा मेरो वा तेरो नभनी योगदान, क्षमता र दक्षताको पहिचान गर्ने गरी उम्मेदवार पहिचानको अभियान थाल्न आग्रह गर्नुभयो।

दलहरुबीचको गठबन्धनबारे पार्टीको स्पष्ट धारणा हुनुपर्नेमा जोड दिँदै नेता पौडेलले चुनाव लड्नका लागि नभई जित्नका लागि हुनुपर्ने भएकाले पार्टी सङ्गठनको विद्यमान अवस्थासमेतलाई दृष्टिगत गरी अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

गण्डकी प्रदेशलाई कृषि, पर्यटन र ऊर्जाका माध्यमबाट समृद्ध बनाउन सकिने जनाउँदै उहाँले यसको उपयोग गर्न नसकिएको बताउनुभयो । गण्डकीले राज्यलाई धैरै योगदान दिए पनि राज्यबाट विशेष सहुलियत पाउन नसकेको उल्लेख गर्दै उहाँले हामी आफैँमा एकले अर्काको खुट्टा तान्ने प्रवृत्तिका कारण पनि स्वयं बाधक भएको हुनसक्नेमा जोड दिनुभयो। एमसिसी जस्ता विषयमा जनतालाई स्पष्ट पार्न यथार्थता बुझाउनुपर्ने उहाँको भनाइ छ।

संघीय संरचनाअनुसार बनेको पार्टीको प्रादेशिक समितिले कार्यालय स्थापना गरी आफ्नो काम थाल्नु प्रशंसनीय भएको बताउँदै पौडेलले आसन्न निर्वाचनमा पार्टीलाई पहिलो बनाउने गरी सङ्गठन मजबुद बनाउने गरी लाग्न आग्रह गर्नुभयो। नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले केन्द्रदेखि वडा तहसम्म भ्रष्टाचार मौलाउँदा त्यसले देश, लोकतन्त्र सबैलाई नकारात्मक असर पारिरहेको बताउनुभयो। भ्रष्टाचारमुक्त राष्ट्र बनाउनेतर्फ लाग्नु आवश्यक भएको उहाँले बताउनुभयो । संसद् र न्यायालय अनिर्णयको बन्दी बन्न नहुने उहाँको भनाइ छ । इतिहासले कांग्रेसलाई दिएको जिम्मेवारीलाई ठीक ढङ्गले उपयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले वर्तमानमा आएको जिम्मेवारीलाई आत्मसात् गरी अघि बढ्नुपर्ने बताउनुभयो।

यसअघि अधिवेशनमा भएका गुटउपगुट अब नरहेको उल्लेख गर्दै गुरुङले एकताबद्धरुपमा आसन्न निर्वाचनमा पार्टीलाई पहिलो बनाउने गरी सबै मिलेर लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेपाली कांग्रेसका पूर्वमहामन्त्री तारानाथ रानाभाटले एमसिसी जस्ता विषयमा नेताको फरकफरक विचारभन्दा पनि संस्थागतरुपमा निर्णय गरी अघि बढ्नुपर्ने बताउनुभयो। पार्टीका सहमहामन्त्री जीवन परियारले पार्टीले आफ्नो विधानअनुसार सबै प्रदेशमा निर्वाचन सम्पन्न गरी नेतृत्व चयन गरेको जनाउँदै कार्यालय सञ्चालन गरी संस्थागतरुपमा सङ्गठनका गतिविधि बढाउन खोजेकामा गण्डकी प्रदेश कार्यसमितिलाई धन्यवाद व्यक्त गर्नुभयो । आगामी दिनमा पार्टीले केन्द्रदेखि वडा तहसम्म नीति अनुसन्धान तथा प्रशिक्षणका कामलाई संस्थागतरुपमा अघि बढाउने उहाँले बताउनुभयो।

पार्टीका प्रदेश कार्यसमिति सभापति शुक्रराज शर्माले कार्यालय स्थापना गरी सङ्गठनका गतिविधिलाई संस्थागतरुपमा अघि बढाउन खोजिएको जनाउँदै सबैको साथ र सहयोगमा प्रदेशमा पार्टी सङ्गठनलाई बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो। उक्त अवसरमा रेवतीरमण सुवेदीले लेख्नुभएको 'शहीद क्याप्टेन यज्ञबहादुर थापा' नामक पुस्तकको विमोचन गरिएको थियो । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डे, नेता अर्जुनप्रसाद जोशी, वाग्लुङ जिल्ला सभापति जीत शेरचन, प्रदेश कार्यसमितिका महामन्त्रीद्वय विष्णुप्रसाद लामिछाने र किरणबाबु श्रेष्ठ, उपसभापति कल्पना तिवारी, पुस्तकका लेखक रेवतीरमण सुवेदी, समीक्षक डा वासुदेव भण्डारीलगायतले बोल्नुभएको थियो।

## शिक्षाको गुणस्तरको लागि विद्यालयमा मर्ज आवश्यक छ: मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ



गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले शिक्षामा गुणस्तरको लागि विद्यालयहरुको मर्ज आवश्यक भएको बताउनु भएको छ।

९ औं राष्ट्रिय पुस्तक दिवस तथा श्री पञ्चमीको अवसरमा आइतबार पोखरा २३ हर्पनमा आयोजित शैक्षिक सामाग्रि वितरण कार्यक्रममा वोल्दै मन्त्री बरालले सामुदायिक विद्यालयहरुको शैक्षिक सुधारको लागि मर्ज आवश्यक भएको बताउनु भएको हो।

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कास्की शाखाले वसन्त पन्चमीको अवसरमा हर्पनको जनसिद्ध आधारभुत बिद्यालयमा आयोजित उक्त कार्यक्रममा वालबालिहरुलाई अक्षरआरम्भ गराउदै तथा शैक्षिक सामाग्रि समेत हस्तान्तरण गर्दै मन्त्री बरालले सामुदायिक बिद्यालयमा बिद्यार्थीहरुको सङ्ख्या कम भएकोले गर्दा पनि मर्जमा जानुपर्ने अबस्था रहेको उल्लेख गर्नु भएको हो । उहाँले भन्नु भयो "पहिला भुगोल, प्रविधि, बाटो लगायतका कारणले गर्दा धैरै ठाँउमा बिद्यालयहरु स्थापना भएका थिए अब आवश्यकता र बिद्यार्थी सङ्ख्याको आधारमा बिद्यालयहरुमा लगानी गर्नुपर्ने देखिन्छ ।" घर गाउँका टाठा वाठाहरु बजार केन्द्रित हुदै निजी बिद्यालयमा आफ्नो छोराछोरी पढाउने गरेको परिपाटीको अन्त्य नै गर्नुपर्ने मन्त्री बरालको भनाई थियो । समाजका हुनेखानेहरुले बजार केन्द्रित हुँदा पनि गाँउ क्षेत्रको शिक्षासंगै भौतिक विकास एवं पूर्वाधार निर्माणमा गाउँहरु पछि परेको उहाँको दाबी थियो। फेवाताल संरक्षणको लागि हर्पन खोलालाई नियन्त्रणको लागि सिरान भाग देखि दृर्घकालिन योजनाका साथ अघि बढाउनु पर्ने मन्त्री बरालले बताउनु भयो। फेवाताल वरिपरि सिंसार क्षेत्रलाई जथभावी रुपमा पुर्नाले प्राकृतिक संकट निम्तिन सक्ने उहाँले दाबी गर्नु भयो। महासंघका पूर्व अध्यक्ष एवं नेकपा (एकिकृत समाजवादी) कास्कीका अध्यक्ष धनराज आचार्यले पुस्तक दिवस आफ्नो कार्यकालबाट सुरु भएको बताउदै पठन संस्कृतिको विकास गर्नुपर्नेमा जोड दिनुभयो । महासंघ कास्कीका अध्यक्ष बैकुण्ठ प्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा २३ का वडा सदस्य गिता भट्टराई, बिद्यालयका प्रध्यानाध्यापक लेखबहादुर क्षेत्री, बिद्यालयका पुर्व अध्यक्ष बाबुराम पौडेल, समाजसेवी हरि भण्डारी, क्यान कास्कीका पुर्व अध्यक्ष युवराज पौडेल लगायतले पोखरा २३ हर्पन क्षेत्रको विकासमा राज्यको ध्यान कम पुगेको गुनासो गर्नु भएको थियो। महासंघले बिद्यालयका ४८ जना बिद्यार्थीहरुलाई शैक्षिक सामाग्रि तथा बिद्यालयलाई भने खेल सामाग्रि सहयोग हस्तान्तरण गरेको सचिव प्रकाश बाँस्तोलाले बताए।

## आठ हजारभन्दा बढी कोरोना संक्रमण मुक्त

रासस
काठमाडौं, २३ माघ

बितेका २४ घन्टामा आठ हजार ७०४ चारजना कोरोना सङ्क्रमणबाट मुक्त भएका छन् भने एक हजार ३८६ जना नयाँ सङ्क्रमित थपिएका छन् । हालसम्म नौ लाख नौ हजार ३४३ जना सङ्क्रमणमुक्त भएका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार देशभर नौ हजार २५१ नमूना परीक्षण गरिएको थियो । छ हजार ४४३ जनाको पिसिआर विधिबाट परीक्षण गर्दा एक हजार १८३ र दुई हजार ८०८ जनाको एन्टिजेन परीक्षण गर्दा २०३ गरी एक हजार ३८६ जनामा सङ्क्रमण पुष्टि भएको हो । आइतबारसम्म नेपालमा कोरोना सङ्क्रमितको कूल सङ्ख्या ११ लाख ६८९ पुगेको छ । त्यसैगरी पछिल्लो २४ घन्टामा कोरोना

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रधानमन्त्री देउवा र दुई पूर्वप्रधानमन्त्रीबीच छलफल

रासस
काठमाडौं, २३ माघ

प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच समसामयिक राजनीतिक विषयमा छलफल भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको छलफलमा स्थानीय तहको निर्वाचन, संसद्को गत्यावरोधको अन्त्य तथा अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) लगायतका विषयमा छलफल भएको हो । छलफलपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै एमाले महासचिव शङ्कर पोखरेलले सरकार र प्रतिपक्षीबीच सम्वादको क्रम सुरु भएको जानकारी दिनुभयो । प्रधानमन्त्री देउवाले यसलाई निरन्तरता दिने र नियमित छलफल गर्ने सो अवसरमा प्रतिबद्धता जनाउनुभएको उहाँको भनाइ छ।

सो अवसरमा प्रधानमन्त्रीले एमालेलाई एमसीसीलगायतका विषय अगाडि बढाउन सहयोग गर्न आग्रह गर्नुभएको थियो । बैठकमा माओवादीका अध्यक्ष प्रचण्डले एमसीसीलाई सङ्घीय निर्वाचन पछाडि मात्रै सम्बोधन गर्ने गरी प्रमुख प्रतिपक्षीसहित आग्रह गरौँ भन्ने धारणा राख्नुभएको महासचिव पोखरेलको भनाइ छ । सो सन्दर्भमा सत्ता पक्षले सरकार र गठबन्धनको तर्फबाट प्रष्ट धारणा राख्न एमालेले आग्रह गरेको थियो । प्रधानमन्त्रीले राष्ट्रिय सरोकारका मुद्दामा छलफल हुने वातावरण बनाउन र संसद्को बैठक नियमित कारबाहीमा प्रवेश गर्ने वातावरण बनाउन प्रमुख प्रतिपक्षीलाई आग्रह गर्नुभएको थियो। प्रधानमन्त्रीको सो आग्रहका सन्दर्भमा एमालले आफूहरू उपस्थित भएर भाग लिने वातावरण बनाउन तयार भएको र त्यसका लागि आफूहरूले कारबाही गरेका १४ सांसदको विषयमा सभामुख अग्निप्रसाद सापकोटाले गरेको निर्णयका कारण असजिलो भएको धारणा राखेको थियो।

"१४ गैरसांसदलाई राखेर संसद्लाई राखेर प्रतिनिधिसभा चलाउने भनिएको छ । दलले कारबाही गरेका व्यक्तिलाई राखेर सदन चलाउने कुरा हुन सक्दैन । त्यो निर्णय सच्चिनुपर्छ । यदि नसच्याउने हो भने सभामुखले मार्ग प्रशस्त गर्नुपर्छ", महासचिव पोखरेलले भन्नुभयो।

छलफलमा स्थानीय तहको निर्वाचन, कोभिडको खोपको अपचलन र एक विभागीय मन्त्रीले हिंसालाई प्रोत्साहन गरेको र उहाँलाई कुनै कारबाही नभएको सन्दर्भमा एमालले सरकारको ध्यानकर्षण गराएको थियो । मुलुकमा देखिएको वित्तीय सङ्कटको बारेमा छलफल भएको र सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने एमालेको आग्रह थियो। छलफलमा सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहहादुर कार्कीको सहभागिता थियो।

## शैक्षिक संस्था फागुन १ गतेदेखि सञ्चालनको सिफारिस

रासस
काठमाडौं, २३ माघ

कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसी)ले सवारी साधनमा हाल कायम रहेको जोरबिजोर प्रणाली सोमबारदेखि हटाउन गृह मन्त्रालयलाई सिफारिस गरेको छ। केन्द्रको आइतबारको बैठकले फागुन १ गतेदेखि शैक्षिक संस्थाहरूसमेत सञ्चालन गर्न सिफारिस गरेको छ । सोही दिनदेखि रात्रिकालीन व्यवसाय रेस्टुरेन्ट, डान्स बारलगायत व्यवसाय पनि स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै सञ्चालनका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र गृह मन्त्रालयलाई सिफारिस गरिएको प्रवक्ता केन्द्रका प्रवक्ता सुनिता नेपालले बताउनुभयो।

डान्सबार, दोहोरी, नाचघर, लाउन्ज, पब, क्लबलगायत रात्रिकालीन व्यवसाय, सिनेमा हल, हेल्थ क्लब, जिमखाना, स्विमिङपुल तथा फुट्सल, जनस्वास्थ्य र सुरक्षाको मापदण्ड परिपालना गर्ने गरी फागुन १ गतेदेखि राति १० बजेमा नबढ्ने गरी सञ्चालन गर्ने आवश्यक व्यवस्थाका लागि गृह मन्त्रालय र

बाँकी अन्तिम पृष्ठमा ▶▶



# म्याराथनलाई एनटिएचएमसी र कुमुदिनीद्वारा थप पुरस्कारको घोषणा

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ माघ**

पोखरा आसन्न १६ औं संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनका लागि नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज (एनटिएचएमसी) र कुमुदिनी होम्स मावीले थप पुरस्कार राशीको घोषणा गरेका छन् ।

पोखरा १४ स्थित एनटिएचएमसीले पोखरा म्याराथन अन्तर्गत हुने १० किमी महिलातर्फको पुरस्कार राशी २० हजार र पोखरा ४ स्थित कुमुदिनीले छात्रातर्फको प्रथम पुरस्कारको राशी १२ हजार प्रदान गर्ने घोषणा गरेका हुन् ।

एक दिन अघि मात्रै पुरुषतर्फको प्रथम र छात्र तर्फको प्रथम पुरस्कार घोषणा गरेका दुई शिक्षण संस्थाले पुनः महिला र छात्रातर्फको नगद पुरस्कार राशी समेत प्रदान गर्ने भएको नेपाल भुतपूर्व खेलाडी मञ्चका अध्यक्ष हरि प्रसाद पराजुलीले बताए । पोखरा म्याराथन आयोजक संस्थाका नेपाल भुतपूर्व खेलाडी मञ्चका सल्लहाकार तथा नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजका अध्यक्ष समेत रहेका समाजसेवी अशोक पालिखेले पोखरा म्याराथनमा दुई शिक्षण संस्था जोडिनु गर्वको विषय रहेको बताए । "हिजो हामीले पुरुषतर्फको मात्रै पुरस्कार राशी घोषणा गरेका थियौं", उनले भने-"छात्रा र महिलाहरुलाई समेत खेलकुदमा आकर्षण बढाउन हामीले यि दुई पुरस्कार राशीलाई समेत प्राथमिकता दिएका हौं ।"

दुवै शिक्षण संस्थाले पुरस्कार राशीमा ६४ हजार नगद सहयोग गर्नेभएको अध्यक्ष पराजुलीले जनाउँदै सहयोगी शिक्षण संस्थाप्रति आभार व्यक्त गर्दै भने-"पोखरा म्याराथनमा धेरै संघ संस्था र व्यवसायिक प्रतिष्ठानहरु जोडिन आएका छन् । उनले थपे-"अव पोखरा म्याराथन मञ्चको मात्रै भएको छैन सवै पोखरेलीहरुले हाम्रो हो भन्ने कुरालाई गर्वका साथ ग्रहण गरे ।" उनले पोखरा म्याराथनका सहयोगी मनहरुलाई आभार व्यक्त गर्दै फागुन ७ गते हुने खुला म्याराथुन र महिलातर्फको हाफ म्याराथन सफल बनाउन आग्रह समेत गरे ।

# चिकित्सकले प्रोत्साहन भत्ता नपाएकामा श्रममन्त्रीको चासो

**पोखरापत्र संवाददाता**
**दमौली, २३ माघ**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले दमौली अस्पतालका चिकित्सकले प्रोत्साहनभत्ता नपाएका विषयमा चासो व्यक्त गर्नुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस)बाट चिकित्सकले तलबभत्ता नपाएको समाचार सम्प्रेषण भएपछि उहाँले सो चासो व्यक्त गर्नुभएको हो । "अग्रपङ्क्तिमा खटिएका चिकित्सकले समयमै तलबभत्ता नपाउनु दुःखद् हो । सम्बन्धित निकायबाट विस्तृतरूपमा जानकारी पाएपछि मैले गर्नुपर्ने सबै सहयोग गर्छु ।"उहाँले भन्नुभयो । दमौली अस्पतालमा कार्यरत चिकित्सकले विसं २०७७ साउनदेखि हालसम्म प्रोत्साहन भत्ता पाएका छैनन् । अस्पतालमा कार्यरत डा आस्था रेग्मी, डा राजु रानामगर, डा दिवस ढकाल, डा सुनयन सुवेदी, डा सिन्चन पाण्डे, डा पूजा सैंजु, डा प्रशन्न कार्की, डा अभिनन्दन तिवारी, डा सञ्जीव भण्डारी, डा कृष्ण गिरी र डा सुशील विकले १८ महिनादेखि प्रोत्साहन भत्ता नपाएपछि गत शुक्रबार प्रजिअलाई ज्ञापनपत्र बुझाएका थिए ।

## शैक्षिक...

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई सिफारिस गरिएको उहाँले जानकारी दिनुभयो ।

विश्वविद्यालय, विद्यालय, ट्युसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरू, जनस्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरी आगामी फागुन १ गतेदेखि सञ्चालन गर्न सिफारिस गरिएको बताउँदै उहाँले विद्यालय सञ्चालन गर्दा १२ वर्ष पूरा भएका विद्यार्थीका हकम नियमित रूपमा तथा १२ वर्ष पूरा नभएका विद्यार्थीका हकमा आलोपालो गरी कक्षा सञ्चालन गर्ने व्यवस्थाका निम्ति गृह र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सिफारिस गरिएको जानकारी पनि दिनुभयो ।

खेलकुद कार्यक्रम सञ्चालन गर्दा एक पटकमा कूल दर्शक क्षमताको ५० प्रतिशतमात्र उपस्थित रहने गरी जनस्वास्थ्यका मापदण्ड र सम्बन्धित खेलको अन्तर ष्ट्रिय नियम परिपालन गरी सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्थाका लागि सरकारलाई केन्द्रले सिफारिस गरेको छ । खोपकार्ड हराएकाहरूलाई त्यसको प्रतिलिपि सहज ढङ्गले उपलब्ध गराउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सिफारिस गरिएको छ ।

# पर्वतीय दौडको उपाधि सुमन र छेन्वीलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ माघ**

पर्वतीय खेलकुदको विकास गर्ने उद्देश्यले पोखरामा आज आयोजना गरिएको छैटौं संस्करणको 'महिला/पुरुष अर्मला पर्वतीय दौड'को उपाधि पुरुषतर्फ सोलुखुम्बुका सुमन कुलुङ र महिलातर्फ धरानकी छेन्वी मायाँ राईले जित्न सफल हुनुभएको छ ।

पोखरा महानगरपालिका-१६ स्थित समुन्द्र सतहदेखि एक हजार ६०० मिटर उचाइमा अवस्थित रमणीय पर्यटकीय गाउँ अर्मलामा श्रीपञ्चमीको अवसर पारेर अर्मला कोट युवा क्लबले पोखराको केआइसिंहपुलदेखि अर्मलाको खेलमैदानसम्म पर्वतीय दौडको आयोजना गर्दै आएको छ । क्लबले पर्यतीय खेलकुदका माध्यमबाट गाउँको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धनका लागि सो प्रतियोगिता आयोजना गर्दै आएको छ । अर्मलाकोटलाई यसअघि नै होमस्टे गाउँसमेत घोषणा गरिएको छ । पुरुषतर्फको निर्धारित १२ किमी दूरी ५० मिनेट ४८ सेकेन्डमा पूरा गर्दै सुमनले उपाधिसहित नगद रु २० हजारका साथमा मेडल र प्रमाणपत्र पुरस्कार पाउनुभयो भने छेन्वीले निर्धारित दूरी एक घन्टा सात मिनेट ५३ सेकेन्ड समयमा पार गरी नगद रु १० हजारका साथमा मेडल तथा प्रमाणपत्र गर्नुभयो । पुरुषतर्फ बैतडीका मोहन देव द्वितीय हुँदै नगद रु १५ हजार र सिन्धुलीका जितेन्द्र दनुवारले तृतीय हुँदै रु १० हजार पुरस्कार पाउनुभयो । धरानका मोहनकुमार राई सान्त्वना हुँदै नगद रु पाँच हजार पुरस्कार पाउनुभयो । महिलातर्फ पोखरा-१६ क सङ्गीता विक द्वितीय, स्याङ्जाका रीता गुरुङ तृतीय र पोखरा हेमजाका ओममाया फगामीले सान्त्वना स्थान हासिल गर्नुभएको जिल्ला एथलेटिक्स सङ्घका अध्यक्ष हरि बरुवालले जानकारी दिनुभयो । वडातर्फको दौड प्रतिस्पर्धामा पुरषतर्फ साजन विक, प्रकाश राई, राजकुमार क्षेत्री र अजय गुरुङ क्रमश : प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुँदै क्रमश : नगद रु आठ, पाँच, तीन र दुई हजार पुरस्कार पाउनुभयो । महिलातर्फ कोमली खड्का र अस्मिता नेपाली प्रथम र द्वितीय हुँदै क्रमश : नगद रु आठ र पाँच हजार पुरस्कार पाउनुभयो । ठेलो हान्ने प्रतियोगितामा सिनियरतर्फ पोखरा-१६ का सुरज गुरुङ प्रथम बन्न सफल भई रु पाँच हजार पुरस्कार प्राप्त गर्नुभयो । विजेता खेलाडीहरूलाई नगद, मेडल तथा प्रमाणपत्र प्रदेश खेलकुद परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङ, पोखरा महानगरपालिका-१६ का वडाध्यक्ष जीवनप्रसाद आचार्य लगायतले वितरण गर्नुभयो ।

## आठ हजार...

सङ्क्रमणबाट ११ जनाको मृत्यु भएको छ । योसँगै मुलुकमा कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ११ हजार ८१४ पुगेको छ। हाल देशभर ४५ हजार २४८ सक्रिय सङ्क्रमित छन् भने ४३ हजार ९३२ सक्रिय सङ्क्रमित 'होम आइसोलेसन'मा र एक हजार ३१६ जना संस्थागत आइसोलेसनमा छन् । उनीहरूमध्ये २६९ जनाको सघन उपचार कक्ष र ४६ जनाको 'भेन्टिलेटर'मा उपचार भइरहेको छ। गत २४ घन्टामा ७९ हजार ९५९ जनाले खोप लगाएका छन् । उक्त मन्त्रालयका अनुसार आइतबार काठमाडौं उपत्यकामा थप ५६६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। काठमाडौंका ४१०, ललितपुरका १२४ र भक्तपुरका ३२ जनामा सङ्क्रमण पुष्टि भएको हो ।

# विपद्मा रेडक्रसको भूमिका सराहनीय : नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, २३ माघ**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले विपद्मा रेडक्रसको भूमिका सराहनीय रहेको बताउनुभएको छ ।

नेपाल रेडक्रस सोसाइटी कोटदरबार उपशाखाको दोस्रो अधिवेशनको उद्घाटन गर्दै केन्द्रीय उहाँले विपद्को घडीमा रेडक्रसले पुऱ्याएको योगदानको जति चर्चा गरे पनि कम हुने बताउनुभयो । तत्कालीन संविधानसभा सदस्य झुलबहादुर आले, ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठलगायतले रेडक्रसको भूमिका बारेमा चर्चा गर्नुभएको थियो ।

अधिवेशनले उपशाखाको सभापतिमा इन्द्रबहादुर आलेलाई चयन गरेको छ । उपसभापतिमा खेलीमाया थापा, सचिवमा कविराज श्रेष्ठ, कोषाध्यक्षमा विष्णुबहादुर आले, उपसचिवमा इन्द्रबहादुर आले, उपकोषाध्यक्षमा श्रीराम आले चयन हुनुभएको छ । सदस्यमा टङ्कबहादुर थापा, तिलबहादुर थापा, गणेशकुमार श्रेष्ठ, मीनकुमारी आले र सन्तबहादुर थापा चयन हुनुभएको छ । यसैगरी रेडक्रस तनहुँको जिल्लासभाका लागि इन्द्रबहहादुर आले, खेलीमाया थापा, कविराज श्रेष्ठ, विष्णुबहादुर आले र श्रीराम आले प्रतिनिधिका रूपमा छनोट हुनुभएको छ ।

# निर्वाचनबाट सरकार पन्छिन मिल्दैन : एमाले सचिव अर्याल

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ माघ**



नेकपा (एमाले)का सचिव पद्ममा अर्यालले निर्वाचनबाट सरकार पन्छिन नमिल्ने बताउनुभएको छ ।

प्रेस चौतारी नेपाल, बागलुङद्धारा आज यहाँ आयोजित पत्रकार भेटघाटमा उहाँले आवधिक निर्वाचन टार्न खोजिए त्यो लोकतन्त्र विरुद्ध हुने बताउनुभएको हो ।

उहाँले छिटोभन्दा छिटो स्थानीय तहको निर्वाचन मिति घोषणा गर्न सरकारसँग माग गर्नुभयो । "संविधान, कानुनले तोके अनुसार बेलैमा निर्वाचन हुनुपर्छ, स्थानीय तह पदाधिकारीविहीन स्थितिमा रहनसक्दैन, अर्को कुनै संरचनाले स्थानीय तहको अधिकार प्रयोग गर्न सक्ने परिकल्पना संविधानले गरेको छैन", नेत्री अर्यालले भन्नुभयो । उहाँले संविधानको कार्यान्वयनमा कुनैपनि पक्षबाट आलटाल गरिए त्यो देशका लागि दुर्भाग्यपूर्ण हुने बताउनुभयो । उहाँले भन्नुभयो, "संविधानअनुसार देश चल्ने हो, हामीले संविधानलाई चलाउने होइन ।"

# शिक्षा क्षेत्रको सुधार गर्न ५५ बुँदे योजना : मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ माघ**




शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षा क्षेत्रको सुधारका लागि ५५ बुँदे योजना बनाएर कार्यान्वयनमा ल्याएको बताउनुभएको छ । विद्यालयको भैतिक संरचना सुधारदेखि शिक्षक, कर्मचारीको दरबन्दी मिलान र नयाँ शिक्षक थप गर्ने योजना समेत मन्त्रालयले कार्यान्वयनमा ल्याएको उहाँले बताउनुभयो ।

प्रेस सेन्टर, बागलुङले आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री पौडेलले १८ हजार शिक्षक दरबन्दी खुलाउने बताउनुभयो । आन्तरिक बढुवा खुलाउने, नयाँ दरबन्दी खोल्ने र विद्यालय गाभ्ने अभियान थाल्ने उहाँले बताउनुभयो । देशभरका विद्यालय र शिक्षकको अनुपात अध्ययन गरी दरबन्दी थप्ने तयारीमा सरकार पुगेको उहाँले उल्लेख गर्नुभयो । शिक्षा क्षेत्रको सुधारका लागि तीन नयाँ ऐन मन्त्रालयले तयार गरिसकेको उहाँको भनाइ थियो । सङ्घीय शिक्षा ऐन, विश्वविद्यालय ऐन र प्राविधिक शिक्षा व्यवस्थापन गर्ने नयाँ ऐन बनिसकेको र संसद्मा लैजाने तयारी भएकाले कानुनी समस्या पनि छिट्टै अन्त्य हुने मन्त्री पौडेलको धारणा छ । ती ऐन पारित हुँदा देशको शैक्षिक स्थितिमा धेरै सुधार हुने उहाँको दाबी थियो । अठार वर्षदेखि रोकिएको आन्तरिक बढुवाको सुरुआत भएकाले शिक्षकमा ऊर्जा आउने उहाँले बताउनुभयो ।

शिक्षा क्षेत्रलाई प्रविधि मैत्रीबनाइएको भन्दै मन्त्री पौडेलले अबका दिनमा शिक्षकले फाइल बोकेर मन्त्रालय धाउने कामको अन्त्य गरेर आवश्यकताको आधारमा काम हुने पद्दति विकास गरिएको दाबी गर्नुभयो । मन्त्री पौडेलले चार वर्षदेखि १२ वर्षसम्मका बालबालिकालाई कोरोनाविरुद्धको खोप लगाउन सरकारले तयारी गरेको उल्लेख गर्दै खोप ल्याउने क्रम सुरु भइसकेको सो अवसरमा जानकारी दिनुभयो ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

